# रसायनिक मल अभावको दिगो समाधानको लागि अपिल

मितिः २०७७/०५/२१

## संयुक्त विज्ञप्ति

मुलुकको राष्ट्रिय अर्थतन्त्रमा आज पनि २७ प्रतिसत योगदान गर्ने र कुल जनसंख्याको ६६ प्रतिशत जनताको जीविकोपार्जनसँग जोडिएको कृषि क्षेत्र सदैव अपहेलित र विभिन्न समस्याबाट ग्रस्त छ । पेशागत सुरक्षासँग गाँसिएका कृषिका लागि आवश्यक आधारभूत बस्तुहरु जस्तैः मल, बिउ-बिजन, औजार, सिँचाई, बिमा, उत्पादनको मूल्य र बजारको उचित ब्यवस्थापन हो । यिनै आधारभूत बस्तुको सहज आपूर्तिले उत्पादनको मात्रा निर्धारण गर्दछ ।

विगतको जस्तै यो वर्ष पनि नेपालको मुख्य बालिका रुपमा रहेको धान खेति लगाउने समयमा रसायनीक मलको चरम अभावका कारणले देशभरका किसानहरु ग्रसित बन्न पुगे । सरकारको झुटो आश्वासनमा मल पर्खिरहेका किसानहरुले आज पनि आफुलाई आवस्यक मल पाउनबाट बञ्चित भैरहेका छन् । सीमित श्रोत र साधनका बाबजुद कृषि कर्मलाई निरन्तरता दिनु आम किसान वर्गको बाध्यात्मक परिस्थिति रहिरहेको छ । । नेपाल सरकारले मलको सहज आपूर्तिका लागि यो आर्थिक वर्षका लागि रु. ११ अर्ब बजेट विजियोजन गरेको देखिन्छ । मल खरिदका लागि वार्षिक रुपमा बजेटको बढोत्तरी हुँदै जाने तर कृषकका समस्या ज्यूँका त्यूँ रहनाले मल खरिद तथा आपूर्ति प्रकृया या व्यवस्थापकीय कुशलतामा प्रश्न चिन्ह खडा भएको छ । धान रोपाइँको शरुवाती देखि नै मलको उच्च माग थियो, हाल धानमा बाला देखिने समय व्यतित हुन लाग्दा पनि मल आपूर्ति हुन सकेन । सरकारले मल आपूर्तिका लागि दिँदै आएका आश्वासनहरु पुरा हुन नसकेका कारण विद्यमान महामारीका बाबजुद किसानहरु सडकमा आउन बाध्य भएका छन् ।

धान तथा अन्य बालीको लागि आवश्यक पर्ने मलको उचित आपूर्ति र भण्डारण गर्नु राज्यको स्वभाविक दायित्व हो । मल तथा कृषि सामग्री आपूर्ति तथा भण्डारणका लागि खरिद गर्ने ठेक्का पाएका ब्यक्ति तथा निकायहरु कृषि सामाग्री कम्पनि, साल्टट्रेडिङ कम्पनिहरु नै कोभिड १९ को कारण देखाउँदै मल आयात गर्ने कार्यमा निष्कृय रहनु र मुलुकमा मल अभाव भइरहनु कृषिक्षेत्र र किसान माथिको अन्याय हो । मुलुक एकातिर कोभिड १९ का कारण तत्काल संकटग्रस्त छ भने अर्कोतिर कृषि उत्पादनमा कमि आएका कारण खाद्य संकट आउने सम्भावन प्रवल रहन सक्छ । राज्यको तर्फबाट आगामी वर्ष उत्पादन दोब्बर बनाउने उत्साहप्रद घोषणा सफल नहुन सक्ने सम्भावना रहन्छ । कृषि क्षेत्रमा देखिएको यो समस्या समाधान गर्न हामी कृषकका अधिकार तथा खाद्य अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरु सरोकारवालाहरु समक्ष निम्न अनुसार ध्यानाकर्षण गर्दछौं ।

# रसायनिक मल अभावको दिगो समाधानको लागि अपिल

- किसानका लागि आवश्यक मल तथा कृषि सामग्रीको तत्काल आपूर्ति र सहज बिक्री वितरण गरियोस् ।
- मल लगायत एवं कृषि सामग्री आपूर्ति प्रक्रियामा देखिएका त्रुटीहरुको दीर्घकालीन समाधान गरि कृषकहरुका लागि चाहिएको समयमा सहज पहुँचयोग्य बनाइयोस् ।
- खाद्य उत्पादन र भण्डारणको सुनिश्चितताका लागि कृषि उत्पादन वृद्धि गर्ने विश्वसनीय आधारहरु सुनिश्चित गरियोस् ।

| | | | |
|---|---|---|---|
| हरि पराजुली | अध्यक्ष | अखिल नेपाल किसान महासंघ | |
| नवराज बस्नेत | अध्यक्ष | राष्ट्रिय कृषक समूह महासंघ, नेपाल | |
| अशोक सिंह | कार्यकारी निर्देशक | फियान नेपाल | |
| विदुर सुवेदी | सचिवालय सदस्य | खाद्य अधिकारका लागि राष्ट्रिय संजाल | |